नेपाल सरकार

**अर्थ मन्त्रालय**

सिंहदरवार, काठमाण्डौ

# सवारी साधन (जीप) खरिद सम्वन्धी सिलवन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७१/४/३०)

यस मन्त्रालयको लागि स्वीकृत स्पेसिफिकेशन बमोजिमको एक थान सवारी साधन(जीप) खरिद गर्नु परेकोले इच्छुक आयकर र मूल्य अभिवृद्धि करमा दर्ता भएका इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट तपसिलका शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र आह्वान गरिएको छ।

**तपसिल**

१. बोलपत्र फाराम र सो संग सम्वन्धित Specification समेत यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र कम्पनी दर्ताको प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र आ.व.२०६९/०७० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयमा यस मन्त्रालयको आर्थिक प्रशासन शाखाबाट नगद रु. ३०००/- (फिर्ता नहुने गरी) वुझाए पछि यस मन्त्रालयको स्टोर शाखाबाट प्राप्त गर्न सकिनेछ।

२. सिलवन्दी वोलपत्र पेश गर्दा वोलपत्र साथ आफूले कवोल गरेको अंकको ३ प्रतिशतले हुने रकम वरावरको कम्तिमा १२० दिन म्याद भएको वोलपत्र जमानत (विडवण्ड) वा सिंहदरवार स्थित को.ले.नि.का. केन्द्र नं. ४ को धरौटी खाता नं. १३५००१/०७१ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

३. सिलवन्दी वोलपत्र स्वीकृत भएमा कवोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकमको बैंक भौचर वा यस मन्त्रालयको नाउँमा जारी गरिएको कम्तिमा ६ महिना म्याद भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

४. बोलपत्रहरु प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजेभित्र यस मन्त्रालयको स्टोर शाखामा दर्ता गराई सक्नु पर्नेछ। दर्ता हुन आएका सिलवन्दी बोलपत्र फारामहरु सोही दिन दिनको २:०० वजे सिलवन्दी वोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि वा निजहरु उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस मन्त्रालयमा खोलिनेछ।

५. सिलवन्दी वोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

६. सिलवन्दी वोलपत्र पेश गर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

७. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. प्रचलित ऐन, नियम, अनुसार सवारी साधनमा लाग्ने कर वोलपत्रदाता स्वयंले नै व्यर्होनुपर्नेछ।

९. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस मन्त्रालयमा निहित हुनेछ।

१०. यस सूचनामा उल्लेख भएका विषयहरु यसै सूचना बमोजिम र उल्लेख नभएका विषयहरुको हकमा वोलपत्र फाराम साथ उपलव्ध हुने सूचना तथा शर्तहरु एवं प्रचलित ऐन, नियमानुसार हुनेछ।

११. यो सूचना अर्थ मन्त्रालयको Website: www.mof.gov.np मा पनि हेर्न सकिनेछ।

साथै यस सम्वन्धी विषयमा थप वुझ्नु परेमा यस मन्त्रालयको फोन नं. ४२११३६१ बाट पनि जानकारी लिन सकिनेछ।